# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
(नेपाल सरकारको स्वामित्व भएको)
# Nepal Stock Exchange Limited
(An Undertaking of Government of Nepal)


पत्र संख्या : ७५।७६
चलानी नं. : ७१३

मिति: २०७५।११।०१

श्री सम्पूर्ण सदस्य दलाल व्यवसायीहरु

**विषय: स्थायी लेखा नम्बर सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा नेपाल धितोपत्र बोर्डको मिति २०७५।०७।१५ प्राप्त प.सं. ०७५।७६ च.नं. ५७५ को पत्र मार्फत सम्वत् २०७६ वैशाख १ गते देखि दोश्रो बजार मार्फत् शेयर खरिद गर्दा स्थायी लेखा नम्बर अनिवार्य हुने गरी लागू गर्ने बोर्डको मिति २०७५।०७।१२ को निर्णयको कार्यान्वयन सम्बन्धमा आवश्यक पूर्व तयारी गर्न" भनि नेपाल धितोपत्र बोर्डबाट निर्देशन प्राप्त भएको सर्व विदितै छ । धितोपत्रको दोश्रो बजार मार्फत धितोपत्रको कारोबार गर्नुहुने लगानीकर्ताहरुले नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभागको वेवसाइट मार्फत तोकिए बमोजिम स्थायी लेखा नम्बर लिन दर्ता प्रक्रियाको लागि निवेदन दिन चाहेमा निज लगानीकर्ताहरुको सहजीकरणका लागि त्यस कार्यालयमा ***स्थायी लेखा नम्बर दर्ता सहजीकरण डेस्क*** तथा सो कार्य गर्नका लागि कर्मचारी समेत तोकी स्थायी लेखा दर्ता सहजीकरण गर्ने आवश्यक व्यवस्था यथा सक्दो चाँडो गर्नुहुन निर्णयानुसार अनुरोध गरिन्छ ।

भवदीय

..........................
(सुरेश जोशी)
का.मु.सहायक प्रबन्धक
सुपरिवेक्षण शाखा

**बोधार्थ:**

श्री नेपाल धितोपत्र बोर्ड
जावलाखेल, ललितपुर ।

श्रीमान प्रमुख कार्यकारी अधिकारीज्यू
सचिवालय, नेप्से ।

श्री सुचना प्रविधी शाखा- आवश्यक कार्य गर्नुहुन ।
नेप्से

*पुनश्च: स्थायी लेखा नम्बरको लागि करदाता दर्ता प्रक्रिया https://ird.gov.np/ राजश्व विभाग अर्थ मन्त्रालय नेपाल सरकारले तोके बमोजिम गर्न गराउन हुन ।*


पो. ब. नं. १५५०, युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल ।
**P. O. Box 1550, UNI Shantimarg, Bhadrakali, Kathmandu, Nepal.**
**Tel.: 4250755–59, 4250734–35 Fax: 4262538**
**email : info@nepalstock.com**
यस लि. को साविकको नाम : नेपाल धितोपत्र विनिमय बजार लि.